राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३९ | २०८२ माघ १९ गते सोमवार | (Monday, 2 Feb., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

**प्रतिनिधिसभा निर्वाचन**

## नदी नियन्त्रण र वन सम्पदा संरक्षण बन्यो चुनावी मुद्दा

**गोपालप्रसाद बराल**
**बर्दिबास, माघ १८ गते ।**

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा महोत्तरी-१ मा चुनावी माहोल तात्न थालेको छ । फागुन २१ गते हुने निर्वाचनका लागि उम्मेदवार र दलका कार्यकर्ता बस्ती-बस्ती पुग्न थालेपछि यहाँको राजनीतिक सरगर्मी ह्वात्तै बढेको हो । चुरे क्षेत्र समेटिएको यस निर्वाचन क्षेत्रमा यसपालि नदी नियन्त्रण र वन सम्पदा संरक्षण नै मतदाताको मुख्य चासो बनेको छ ।

बर्दिबासका १४ वटै वडा, गौशालाका १२ वटै वडा र भङ्गाहाका ४ वटा वडा (३, ४, ५ र ९) गरी जम्मा ३० वडा महोत्तरी-१ मा पर्छन् । रातु, जङ्घा, मरहा, टुटेश्वर, ओक्सी, बडहरी, भब्सी र खयरमारा जस्ता नदी चुरेबाटै बग्ने भएकाले यहाँका बासिन्दाले हरेक वर्ष बाढी र कटानको सास्ती खेप्दै आएका छन् । त्यसमा पनि अनियन्त्रित नदी उत्खनन र वन विनाशले समस्या झन् चर्किएको स्थानीय बताउँछन् ।

भङ्गाहा-७ मेघरोलका बासिन्दा तथा चुरे विज्ञ डा. विजयकुमार सिंह भन्छन्, "चुरेमा भइरहेको जथाभावी उत्खनन र वन फँडानीकै कारण बाढी र विपत्ति बढ्दै गएको हो । यसको समाधान नीति तहबाटै खोजिनुपर्छ, त्यसैले उम्मेदवारले यसबारे स्पष्ट बोल्नैपर्छ ।"

स्थानीयवासी बर्दिबास, गौशाला र भङ्गाहा क्षेत्रमा अवैध रूपमा चलिरहेका ५० भन्दा बढी क्रसर उद्योगप्रति आक्रोशित छन् । भङ्गाहा-४ रामनगरका हिरालाल महतो भन्छन्, "जहाँ पायो त्यहीँ खाल्डा खनेर ढुंगा निकालिन्छ । ती खाल्डामा परेर मान्छे मरेका छन्, तर

*- बाँकी पृष्ठ ३ मा*

## गुरुकुल पुरस्कृत भएपछि मटिहानी उत्सवमय




**द पब्लिक टुडे समाचारदाता**
**बर्दिबास, माघ १८ गते ।**

आफ्नो ठाउँको गुरुकुल सम्मानित र पुरस्कृत हुँदा महोत्तरीको मटिहानी उत्सवमय बनेको छ । मुलुककै जेठो विद्यालय मानिएको गुरुकुल भनेर चिनिने राजकीय संस्कृत माध्यमिक विद्यालयले शुक्रबार 'शब्दयात्रा बद्रीविक्रम थापा महोत्तरी प्रतिभा पुरस्कार-२०८२' तथा सम्मानपत्र पाएको खुसीमा मटिहानी उल्लासमा छ। शब्दयात्रा प्रकाशनले शुक्रबार काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा आयोजित समारोहमा गुरुकुललाई

*- बाँकी पृष्ठ ३ मा*



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकीय............

# महँगिंदो चुनाव र लोकतन्त्रको अभ्यास

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा राजनीतिक सरगर्मीसँगै आर्थिक चहलपहल पनि बढ्दै गएको छ । इन्धन, सवारीसाधन, माछामासु, मदिरा, सूचना प्रविधि सबैतिर चुनावी प्रभाव परेको देखिन्छ । सतहमा हेर्दा यसले बजार चलायमान बनाएको जस्तो लाग्छ । तर चुनावकै बेला यस्तो किन र निर्वाचन यसरी किन महँगिदै गएको छ भन्ने प्रश्न उब्जिएको छ र यसको वास्तविक जवाफको खोजीनीति गरिदै छ ।

निर्वाचन आयोगले तोकेको खर्च सीमा कागजमै सीमित देखिन्छ । प्रत्यक्षतर्फका हजारौं उम्मेदवारका लागि २५ लाखदेखि ३३ लाख रुपैयाँसम्मको सीमा तोकिए पनि अनौपचारिक तथ्याँकले वास्तविक खर्च पाँचदेखि बीस गुणासम्म बढी हुने संकेत गर्दछ । न्यूनतम पाँच गुणा मात्र मान्दा पनि उम्मेदवारहरुको कुल खर्च पाँच हजार करोड रुपैयाँको हाराहारीमा पुग्छ । यसमा निर्वाचन आयोग र सुरक्षा निकायमार्फत हुने २५ अर्ब रुपैयाँभन्दा बढी सरकारी खर्च जोडिंदा चुनाव लोकतन्त्रको उत्सवभन्दा राज्य र समाजका लागि अत्यन्त महँगो परियोजनामा रुपान्तरित भएको स्पष्ट हुन्छ ।

यही महँगोपनले नेपालको अर्थ-राजनीतिक सम्बन्धको असन्तुलन उजागर गर्दछ।चुनाव जित्न ठूलो रकम चाहिने भएपछि उम्मेदवार र दलहरु आफ्नै स्रोत, पारिवारिक बचत, उद्योगी-व्यवसायी र शुभेच्छुक भनिने अदृश्य शक्तिमा निर्भर हुँदै गएका छन् । कतिपयले बैंक ऋण लिएर चुनाव लड्ने जोखिमपूर्ण अभ्याससमेत गरिरहेका छन् । यसले राजनीति मात्र होइन व्यक्तिगत र समग्र आर्थिक स्थायित्वमै प्रश्न उठाउँछ ।


नेपालमा वैधानिक, पारदर्शी र विश्वसनीय राजनीतिक वित्तीय प्रणाली नहुँदा चुनावी प्रक्रिया अर्थ-राजनीतिक दलदलमा फस्दै गएको छ । चुनावले अर्थतन्त्रलाई क्षणिक रुपमा चलायमान बनाए पनि दीर्घकालमा नीति कब्जा, भ्रष्टाचार र असमान शक्ति सम्बन्धलाई बलियो बनाउने खतरा बढ्दै गएको छ ।

अब जवाफ खोज्न गरिदै गरेको बहस 'चुनाव कति र किन महँगो भयो' भन्नेमा मात्र सीमित रहनु हुँदैन । राजनीति र अर्थबीचको सम्बन्धलाई कसरी पारदर्शी, न्यायपूर्ण र लोकतान्त्रिक बनाउने भन्ने मूल प्रश्नमा केन्द्रित हुनुपर्छ । यही प्रश्नको सही जवाफ नै नेपालको चुनाव र लोकतन्त्रलाई महँगो अभ्यासबाट जिम्मेवार र जनमुखी अभ्यासतर्फ लैजाने निर्णायक बाटो हुनेछ ।

## राशिफल

मेष - नयाँ योजना बन्नेछ ।
वृष - ईष्ट मित्रबाट सहयोग प्राप्त हुने ।
मिथुन - चिन्ता बढ्ने ।
कर्कट - आम्दानी भन्दा खर्च धेरै हुने ।
सिंह - नजिकका साथीले धोका दिन सक्छ ।
कन्या - मान सम्मान बढ्ने ।
तुला - यात्राको योग छ ।
वृश्चिक - मान प्रतिष्ठामा आँच आउने ।
धनु - मुद्दा मामिलामा जित हुने ।
मकर - स्वास्थ्यमा समस्या हुने ।
कुम्भ - नयाँ अवसर प्राप्त हुनेछ ।
मिन - प्रियसी मिलन हुने ।

# डिजिटल उपनिवेशको संघारमा नेपाल




**–जितेन्द्र बानिया**

नेपाल आज एउटा यस्तो मोडमा उभिएको छ, जहाँ उपनिवेशको स्वरूप फेरिएको छ तर जोखिम उस्तै गम्भीर छ । हिजो उपनिवेश भूगोल र शासनमार्फत थोपरिन्थ्यो, आज त्यो डिजिटल प्रविधि, एल्गोरिदम र डेटामार्फत चुपचाप स्थापित हुँदैछ । यो उपनिवेश न देखिन्छ, न औपचारिक रूपमा घोषणा हुन्छ, तर यसको प्रभाव समाजको चेतना, राजनीति र संस्कृतिमा गहिरिँदै गएको छ ।

डिजिटल प्रविधिको तीव्र विस्तारले नेपाली समाजलाई संसारसँग जोडेको सत्य हो । तर यही प्रविधि नियमन, नीति र चेतनाविना प्रयोग हुँदा नेपाल क्रमशः डिजिटल उपनिवेशको दिशातर्फ धकेलिँदैछ । आज नेपाली नागरिक केवल प्रयोगकर्ता होइनन्, उनीहरू डिजिटल प्लेटफर्मका लागि डेटा र ध्यानको स्रोत बन्दै गएका छन् ।

एल्गोरिदमको भूमिका यहाँ निर्णायक छ । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मले प्रयोग गर्ने एल्गोरिदम तटस्थ हुँदैनन् । तिनको प्राथमिकता नागरिकलाई सचेत बनाउनु होइन, प्लेटफर्ममा बढी समय राख्नु र मुनाफा बढाउनु हो । परिणामस्वरूप, तथ्य र विवेकभन्दा उत्तेजना, बहसभन्दा विभाजन, र गहिरो विचारभन्दा सतही सामग्रीलाई प्राथमिकता दिइन्छ । यसले नेपाली समाजको वैचारिक संरचना नै कमजोर बनाइरहेको छ ।

यसको प्रभाव सबैभन्दा स्पष्ट रूपमा राजनीतिमा देखिन्छ । नीति, कार्यक्रम र विचारभन्दा छवि, प्रस्तुति र भाइरल कन्टेन्ट प्रभावशाली बन्दै गएका छन् । लोकतान्त्रिक बहस संसद र सार्वजनिक मञ्चबाट सर्दै स्क्रिनको एल्गोरिदमिक दायरामा सीमित हुँदैछ । नागरिक विचारशील मतदाता होइन, प्रतिक्रियामा सीमित डिजिटल भीडमा रूपान्तरण हुने खतरा बढ्दैछ । युवापुस्ता यस प्रक्रियाको केन्द्रमा छ । सम्भावना र ऊर्जाले भरिएको पुस्ता आज ध्यान अर्थतन्त्रको कच्चा पदार्थ बन्दै गएको छ । सिर्जनशीलता र आलोचनात्मक सोचभन्दा स्क्रोल, ट्रेन्ड र लाइकले प्राथमिकता पाएको छ । यो पुस्ता असक्षम छैन, तर प्रणालीगत रूपमा भुलाइँदैछ–र यसले राष्ट्रको भविष्यमा दीर्घकालीन असर पार्नेछ ।

डिजिटल उपनिवेशको अर्को गम्भीर आयाम भाषा र संस्कृतिसँग जोडिएको छ । एल्गोरिदमिक प्राथमिकतामा नपर्ने स्थानीय भाषा, संस्कृति र कथाहरू क्रमशः ओझेलमा पर्दैछन् । यसले नेपाली समाजलाई आफ्नै पहिचानप्रति उदासीन बनाउँदै लैजाने खतरा पैदा गरेको छ ।

यस सम्पूर्ण प्रक्रियामा राज्यको भूमिका सन्तोषजनक देखिँदैन । डेटा सुरक्षा, एल्गोरिदम नियमन, डिजिटल साक्षरता र राष्ट्रिय डिजिटल नीति अझै अस्पष्ट छन् । राज्य स्वयं डिजिटल प्लेटफर्म प्रयोग गर्छ, तर तिनको सामाजिक-राजनीतिक प्रभावप्रति गम्भीर देखिँदैन । यही मौनता नै डिजिटल उपनिवेशवादलाई बलियो बनाउने सबैभन्दा ठूलो कारण हो ।

अब प्रश्न प्रविधि अस्वीकार गर्ने कि स्वीकार गर्ने होइन । प्रश्न हो-प्रविधिले हामीलाई चलाउने कि हामीले प्रविधिलाई दिशा दिने ? डिजिटल स्वतन्त्रता भनेको इन्टरनेट पहुँच मात्र होइन, विचार, चेतना र निर्णयमा स्वायत्तता हो । नेपालले अब डिजिटल साक्षरतामा गम्भीर लगानी गर्नुपर्छ, एल्गोरिदम र डेटा प्रयोगबारे सार्वजनिक बहस सुरु गर्नुपर्छ, र राष्ट्रिय हित अनुकूल डिजिटल नीतिको निर्माण गर्नुपर्छ । नागरिकले पनि आफूलाई केवल उपभोक्ता होइन, सचेत डिजिटल नागरिकका रूपमा स्थापित गर्नुपर्ने समय आएको छ ।

डिजिटल संसार अब वैकल्पिक क्षेत्र होइन, यही नै आधुनिक राजनीतिक र सांस्कृतिक रणभूमि हो । यदि यहाँ नेपालले आफ्नो चेतना, नीति र पहिचान जोगाउन सकेन भने भौगोलिक स्वतन्त्रता पनि क्रमशः अर्थहीन बन्दै जानेछ । डिजिटल उपनिवेशको संघारमा उभिएको नेपालले अब चुप बस्ने कि सचेत भएर निर्णय गर्ने–यो प्रश्नको उत्तर आजको बहसमा होइन, भोलिको इतिहासमा नेपाल के हुने र कस्तो हुने भन्ने विषय हो । नेपाल कहिल्यै बन्दुकले मात्र शासित भएन । कहिले राजाले, कहिले दलले, कहिले शक्तिले । तर आज नेपाल देखिँदैन शासकले होइन, एल्गोरिदमले शासित हुँदैछ । यो शासनको स्वरूप फरक छ–न सीमा नाघिन्छ, न झण्डा फहराइन्छ, तर चेतना कब्जा गरिन्छ ।

आज हामी मोबाइल बोकेर स्वतन्त्र देखिन्छौं, तर हाम्रो सोच, समय र ध्यान हाम्रो नियन्त्रणमा छैन । यही हो डिजिटल उपनिवेशको वास्तविक अनुहार हो ।

**१. एल्गोरिदम : अदृश्य सत्ता**

एल्गोरिदम कुनै तटस्थ प्रविधि होइन । यसले हामी के देख्ने, के नदेख्ने, कसलाई मन पराउने, कसलाई घृणा गर्ने भन्ने निर्णय गर्छ । नेपालजस्तो राजनीतिक रूपमा अस्थिर र वैचारिक रूपमा कमजोर समाजमा एल्गोरिदमले सत्य होइन, उत्तेजना अघि सार्छ । परिणामतः गम्भीर विचार ओझेलमा पर्छन् र चर्को आवाज नै सत्य ठानिन्छ । यसरी एल्गोरिदम बिस्तारै विचार निर्माण गर्ने शक्ति बन्दै गएको छ ।

**२. राजनीति स्क्रिनमा सरेको यथार्थ**

आज नेपालको राजनीति संसदभन्दा बढी स्क्रिनमा लडिन्छ । नीति होइन, प्रस्तुति बिक्छ; विचार होइन, भाइरल सामग्री निर्णायक बन्छ । एल्गोरिदमले मन पराएको अनुहार नेता बन्छ, र गहिरो बहस "रिच नआउने" भनेर छेकिन्छ । यो अवस्था लोकतन्त्रको रूपान्तरण होइन विकृति हो । नागरिक मतदाता होइन, प्रतिक्रिया दिने वस्तुमा सीमित भएका छन् ।

**३. युवा : सम्भावनाबाट उपभोगतर्फ**

युवा नेपालको शक्ति हो भनिन्छ, तर आज यही शक्ति ध्यान अर्थतन्त्रको कच्चा पदार्थ बनेको छ । स्क्रोलले समय खान्छ, ट्रेन्डले सोच । प्रश्न गर्ने उमेरमा नक्कल, सिर्जना गर्ने उमेरमा उपभोग हावी छ । यो पुस्ता हारिरहेको छैन, तर भुलाइँदैछ र त्यो भुलाइ राज्यले होइन, एल्गोरिदमले गरिरहेको छ ।

**४. संस्कृति र भाषामाथि मौन आक्रमण**

डिजिटल संसारमा नेपालीपन कमजोर बन्दैछ । हाम्रो भाषा एल्गोरिदममैत्री छैन, हाम्रो कथा ट्रेन्डिङ छैन । त्यसैले हामी अरूको भाषा, अरूको सौन्दर्य र अरूको जीवनशैली अपनाउन बाध्य हुँदैछौं । यो परिवर्तन स्वाभाविक होइन, यो डिजिटल दबावद्वारा निर्देशित परिवर्तन हो–जहाँ पहिचान बिस्तारै पुछिँदैछ ।

**५. राज्यको मौनता : सबैभन्दा ठूलो खतरा**

सबैभन्दा चिन्ताजनक कुरा राज्यको भूमिकामा देखिएको शून्यता हो । डेटा सुरक्षा, एल्गोरिदम नियमन र डिजिटल साक्षरतामा राज्य स्पष्ट छैन । राजनीति स्वयं एल्गोरिदम प्रयोग गर्छ, तर त्यसको प्रभावबारे मौन बस्छ । राज्य मौन रहँदा, उपनिवेशवाद चुपचाप गहिरिन्छ ।

**निष्कर्ष : डिजिटल उपनिवेशबाट मुक्ति चेतनाको पुनर्जागरण बिना सम्भव छैन**

नेपाल आज इतिहासको त्यही मोडमा उभिएको छ, जहाँ प्रश्न प्रविधि स्वीकार्ने कि अस्वीकार गर्ने होइन, प्रविधिले हाम्रो चेतनालाई कहाँ लैजाँदैछ भन्ने हो । यदि डिजिटल संसारमा हाम्रो सोच अरूले डिजाइन गर्छन् भने भौगोलिक स्वतन्त्रताको अर्थ पनि क्रमशः कमजोर हुँदै जान्छ ।

डिजिटल उपनिवेशवादको सबैभन्दा खतरनाक पक्ष यसको अदृश्यता हो । मानिसहरू आफू स्वतन्त्र छु भन्ने भ्रममा बाँचिरहेका हुन्छन्, जबकि निर्णय, धारणा र प्राथमिकता क्रमशः अरूले तय गरिरहेका हुन्छन् । यस्तो अवस्थामा प्रतिरोध बन्दुकले होइन, विचारले सम्भव हुन्छ ।

यसबाट मुक्ति पाउन नेपालले तीन तहमा संघर्ष गर्नुपर्छ–व्यक्तिगत, सामाजिक र राज्यगत । व्यक्तिले डिजिटल उपभोगप्रति आलोचनात्मक हुनुपर्छ; समाजले एल्गोरिदम र प्लेटफर्मबारे खुला बहस गर्नुपर्छ; र राज्यले डेटा, प्रविधि र डिजिटल शिक्षा सम्बन्धी स्पष्ट नीति लिनुपर्छ । यी तीनै तहमा चेतनाको पुनर्जागरण नभएसम्म डिजिटल स्वतन्त्रता सम्भव हुँदैन ।

डिजिटल संसार अब वैकल्पिक क्षेत्र होइन, यो नै मुख्य राजनीतिक, सांस्कृतिक र वैचारिक युद्धभूमि हो । यदि नेपालले यहाँ आफ्नो उपस्थिति, आफ्नो भाषा, आफ्नो सोच र आफ्नो नीति स्थापित गर्न सकेन भने हामी केवल प्रयोगकर्ता मात्र होइन, डिजिटल उपनिवेशका आज्ञाकारी प्रजा बन्दै जानेछौं ।

के नेपाल एल्गोरिदमले चल्ने समाज बन्छ, कि सचेत नागरिकले दिशा तय गर्ने राष्ट्र ? आजको सबैभन्दा ठूलो राष्ट्रिय सवाल यो हो । यसको उत्तर प्रविधिमा होइन, हाम्रो चेतनामा छ ।

*(बानिया रिटर्नी फेडेरेसन नेपालका उपाध्यक्ष हुन्)*

## नदी नियन्त्रण र वन सम्पदा...

कसैले वास्ता गरेको छैन । अब चुनावमा दलहरूले यसको जवाफ दिनैपर्छ ।” बर्खामा बाढी र हिउँदमा खडेरी भोग्दै आएको यो क्षेत्र खेतीपातीमै निर्भर छ । तर सिँचाइको भरपर्दो व्यवस्था नहुँदा किसान आकासे पानीकै भरमा खेती गर्न बाध्य छन् । त्यसैले यसपालिको निर्वाचनमा मतदाताले वन संरक्षण, नदी नियन्त्रण र सिँचाइको ठोस योजना खोजिरहेका छन्। यस क्षेत्रबाट १३ दलका र १२ स्वतन्त्र गरी २५ जना उम्मेदवार मैदानमा छन् । मङ्गोल नेशनल अर्गनाइजेसनका उम्मेदवार रमेशकुमार सिंह भन्छन्, “जहाँ गए पनि मतदाताले सिधै सिँचाइ, नदी नियन्त्रण र अवैध उत्खननको कुरा उठाउँछन् । यी समस्या सबैको साझा मुद्दा बनिनुपर्छ ।”

स्थानीय युवा पनि अब सोचेर मतदान गर्ने तयारीमा छन् । भङ्गाहा-४ का रामईश्वर ठाकुर भन्छन्, “अब टालटुले आश्वासन सुनेर भोट दिने बेला छैन । सुशासन र इमान्दार नेतृत्व कसले दिन्छ, हामी त्यही हेर्दैछौं ।” गौशाला-१० का युवा विवेक कुशवाहा पनि भन्छन्, “नाता-सम्बन्ध र जातपातभन्दा माथि उठेर योग्य उम्मेदवार रोज्नुपर्छ । जनताको समस्या नबुझ्ने मान्छे संसद् पुगेर के गर्छ र?”

यस क्षेत्रमा १ लाख ५ हजार ६४६ मतदाता छन्। ५९ मतदानस्थलमा १३० मतदान केन्द्र तोकिएको छ । सुरक्षा व्यवस्था पनि कडा बनाइएको प्रशासनले जनाएको छ। उम्मेदवारको आउजाउ बढ्दै जाँदा र बस्ती-बस्तीमा चुनावी बहस चर्किँदै जाँदा अहिले महोत्तरी-१ पूरै चुनावमय बनेको छ ।

## गुरुकुल पुरस्कृत भएपछि...

२५ हजार नगद र सम्मानपत्रसहित यो पुरस्कार प्रदान गरेको हो ।

“गुरुकुल सधैं हाम्रो गौरव रहँदै आएको छ, यो पुरस्कार र सम्मानबाट हाम्रो ओज अझ बढेको छ” मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल भन्छन्, “गुरुकुल पुरस्कृत र सम्मानित भएको यो अवसरले मटिहानीबासी उत्सवमा छन् ।” सबै धर्म र जातिको साझा शिक्षालय बनेर प्राचीन र वैज्ञानिक संस्कृत भाषा साहित्यको विकास, संरक्षण र सम्बर्द्धनमा गरेको योगदानको कदरस्वरुप यो पुरस्कार र सम्मान प्राप्त भएको सम्मानपत्रको भाव उद्धृत् गर्दै मण्डलले बताए । विक्रम सम्वत् १७७५ मा सन्त शिरोमणि तस्मैयाबाबाको प्रेरणाले स्थापित गुरुकुलले शैक्षिक क्षेत्रमा दिएको योगदान यसपालि शब्दयात्रा प्रकाशनले सम्झेर पुरस्कृत र सम्मानित गर्दा अझ समर्पणभावले शैक्षिक उन्नयनमा लाग्न प्रेरणा दिएको यहाँका शिक्षक बताउँछन् ।

“सत्कर्मलाई जीवनभर साध्नुभएका कर्मयोगी बद्रीविक्रम थापाको स्मृतिमा स्थापित पुरस्कार ग्रहण गर्दा जीवनमा केही गरिएछ भन्ने लागेको छ” राजकीय संस्कृत माध्यमिक विद्यालय (गुरुकुल) मटिहानीका प्रधानाध्यापक ईश्वरी पौडेल भन्छन्, “यो पुरस्कार र सम्मानले थप जिम्मेवारी वोध गराएको छ ।” यो पुरस्कार र सम्मान गुरुकुलका लागि प्रधानाध्यापक पौडेलले ग्रहण गरेका हुन् । गुरुकुललाई पुरस्कार कोषका व्यवस्थापक स्व. बद्रीविक्रम थापाका पुत्र किरण थापा, शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्री र पुरस्कार चयन समितिका सदस्य कृष्णप्यारी नकर्मी हस्ताक्षरित सम्मानपत्रसहित नगद पुरस्कार प्रदान गरिएको छ । श्री कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीले व्यवस्थापन गर्दै आएको यो पुरस्कार तथा सम्मान शब्दयात्रा प्रकाशनले विभिन्न विधामा प्रदान गर्दै आएको छ । गुरुकुललाई यसपालि यो प्रतिष्ठित पुरस्कार र सम्मान प्राप्त हुनुले प्राचीन भाषा संस्कृतको विकासमा मटिहानीलाई अझ व्यवस्थित रुपले अघि बढ्न प्रेरणा मिलेको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा. रवीन्द्र दास वैष्णव बताउँछन् । यो मठ गुरुकुलको संरक्षक रहँदै आएको छ। महोत्तरीको हाल औरही-७ भोइलटिम्कियाका बासिन्दा पूर्वप्रशासक बद्रीविक्रम थापालाई कुशल प्रशासक एबं सत्य र इमानका प्रतीकका रुपमा महोत्तरीबासी सम्झन्छन् । विगतमा महोत्तरीकै बडाहाकिम र पछि पञ्चायतकालमा जनकपुर अञ्चलको अञ्चलाधीश र त्यसपछि गुठी संस्थानको अध्यक्षको हैसियतमा थापाको कार्यकाल सकारात्मक उदाहरणमा उभ्याइने रहेको मटिहानी-७ का बासिन्दा प्रेस स्वतन्त्रता सेनानी ९० वर्षीय विन्देश्वरीप्रसाद मण्डल सम्झन्छन् ।

कर्मयोगी बद्रीविक्रमका नाउँको पुरस्कार र सम्मान आफैंमा एक गौरव भएको मण्डलको कथन छ । यो पुरस्कार मटिहानीस्थित गुरुकुलले प्राप्त गर्नु यहाँका बासिन्दाका लागि उत्सव नै बनेको उनी बताउँछन् । पुरस्कृत र सम्मानित हुने गुरुकुललाई संस्कृत वाङ्मय अनुसन्धान केन्द्रका रुपमा विकास गरिन पर्ने मटिहानी नगरपालिकाले सङ्घीय सरकारसँग माग गर्दै आएको छ। यस विद्यालयमा अन्य साधारण विद्यालयमा झैं सबै अनिवार्य विषयका अतिरिक्त अनिवार्य संस्कृत भाषा, कर्मकाण्ड र ऐच्छिक विषयमा वेद, व्याकरण, साहित्य, ज्योतिष र न्यायशास्त्रसहितका संस्कृत माध्यम भाषाका विषय पठनपाठन हुँदै आएका छन् । दुई दशकअघिसम्म ब्राह्मण जातिका लागि मात्र पढ्ने व्यवस्था रहेको यो विद्यालय अबभने सबै जातजातिका लागि खुला भएको छ ।

अहिले गूरुकूलमा हिन्दू धर्म परम्पराका मात्र नभएर इस्लाम धर्मावलम्बी पनि अध्ययन गरिरहेका प्रधानाध्यापक पौडेल बताउँछन् । गुरुकूलमा मुलुकभित्रका २० जिल्ला र मित्रराष्ट्र भारतका गरी १४२ जना छात्रछात्रा अध्ययनरत रहेका पौडेलको भनाइ छ ।– गोपालप्रसाद बराल

## वर्षा गराउने प्रणाली फेरि...

छ । उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात र अन्य क्षेत्रमा हल्कादेखि मध्यमसम्म वर्षा गराउने छ । कोशी, बागमतीको माथिल्लो भेगमा पनि असर गर्न सक्ने तर तल्लो भाग र तराई क्षेत्रका साथै मधेस प्रदेशमा भने असर न्यून रहने उनले बताए । काठमाडौंमा मंगलबार राति छिटपुटसम्म वर्षा हुन सक्ने छ ।

सोमबार तराई भू-भागका केही स्थानमा हुस्सु/कुहिरो रहने तथा देशका हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ । बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ । देशका हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

सोमबार राति तराई भू-भागका थोरै स्थानमा हुस्सु रहने तथा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ र बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ। गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ ।

मंगलबार दिउँसो देशका हिमाली तथा पहाडी भू-भागमा साधारणतया बादल लाग्ने छ र बाँकी भू-भागमा आंशिक बादल लाग्ने महाशाखाले जनाएको छ। गण्डकी, कर्णाली र सुदूरपश्चि प्रदेशका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात/वर्षा तथा बाँकी हिमाली भू-भागका केही स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना छ । सुदूरपश्चिम प्रदेशका बाँकी भू-भागका थोरै स्थानमा तथा गण्डकी र लुम्बिनी प्रदेशका बाँकी भू-भाग तथा कोशी र बागमती प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

राति देशका हिमाली भू-भागमा साधारणतया बादल लाग्ने छ र बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ ।

गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात/वर्षा तथा बाँकी हिमाली भू-भागका केही स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिम, गण्डकी र लुम्बिनी प्रदेशका बाँकी भू-भाग तथा कोशी र बागमती प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ। रासस

## निर्वाचनका लागि मधेसमा...

घटनाक्रम, भौगोलिक अवस्था, राजनीतिक गतिविधि लगायतका आधारमा मतदानस्थलको वर्गीकरण गरिएको हो । खुला सीमा र विगतका घटनाक्रमका कारण मधेस प्रदेशमा निर्वाचन व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको सुरक्षा निकायको भनाइ छ ।

करिब ४६४ किलोमिटर लामो खुला सीमाका कारण अवैध प्रवेश, दोहोरो मतदाता बन्ने प्रयास तथा अन्य अवाञ्छित गतिविधिले निर्वाचन सुरक्षालाई संवेदनशील बनाएको सुरक्षा निकायको बुझाइ छ । यस्ता चुनौतीलाई मध्यनजर गर्दै संवेदनशील मतदानस्थलमा सुरक्षा सक्रियता थप सुदृढ बनाइएको डीआईजी थपलियाले जानकारी दिए ।

आइतबार उनले १२ हजार ६०० नेपाल प्रहरी र २८,२९५ निर्वाचन प्रहरी (म्यादी प्रहरी) परिचालन गरिने जानकारी दिए । साथै सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र नेपाली सेनाको समेत सक्रिय सहभागिताले सुरक्षा घेरालाई थप सुदृढ बनाएको बताए ।

यसैबिच बर्दिबासस्थित सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालयका डीआईजी कृष्ण ढकालले प्रतिनिधि सभा निर्वाचनका लागि प्रदेशका आठै जिल्लामा ४,३३६ सशस्त्र प्रहरी र २,८३२ निर्वाचन प्रहरी तयारी अवस्थामा राखिएको जानकारी दिएका छन् । सशस्त्र प्रहरीले निर्वाचनलाई लक्षित गर्दै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मोबाइल टोली र रिजर्भ फोर्समार्फत जनशक्ति परिचालन गरेको जनाएको छ ।

धनुषा र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीका अनुसार भारतको बिहार राज्यअन्तर्गत धनुषामा मधुवनी र महोत्तरीमा सीतामढी जिल्लासँग करिब ३९ किलोमिटर सीमा जोडिएको छ । महोत्तरीका २९८ मतदानस्थलमध्ये १६३ स्थल अति संवेदनशील, ८९ स्थल संवेदनशील र बाँकी मतदानस्थल सामान्य श्रेणीमा रहेका छन् । त्यसैगरी धनुषामा ३२२ मतदानस्थलमध्ये १९४ वटा मतदानस्थल अति संवेदनशील, १०६ संवेदनशील र २२ वटा सामान्य श्रेणीमा राखिएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनाए ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले आन्तरिक सुरक्षा व्यवस्था चुस्त रहेको दाबी गर्दै खुला सीमामा मधेसको सामाजिक-सांस्कृतिक विशेषता भए पनि निर्वाचनजस्ता लोकतान्त्रिक प्रक्रियामा यसको प्रभावकारी व्यवस्थापन आवश्यक रहेको उल्लेख गरे। उनले पुस २४ गते सीमापारिबाट हुनसक्ने सुरक्षा चुनौतीबारे सीतामढी जिल्लाका सुरक्षा निकायसँग चन्द्रनिगाहपुरमा सुरक्षा बैठक सम्पन्न भइसकेको जानकारी दिए । धनुषाका प्रमुख जिल्ला अधिकारी लुइँटेलले मधुवनी जिल्लासँग फागुन ९ गते जनकपुरमा सीमा सुरक्षा बैठक तयारी भइरहेको बताए । यसले निर्वाचन सुरक्षा व्यवस्थापनलाई अझ सशक्त र भरपर्दो बनाउने विश्वास लिइएको छ ।

मधेस प्रदेशमा व्यापक सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गर्ने तयारी गरिएको छ । सुरक्षाका तीनवटै निकायबाट गरी मधेसमा ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटाइने डीआईजी थपलियाले जनाए ।

नेपाल प्रहरी र निर्वाचन प्रहरीबाट करिब ४० हजार, सशस्त्र प्रहरी बलबाट १० हजार र यसका अतिरिक्त नेपाली सेनासमेत परिचालन गरिने भएको छ। रातोपाटी

## महोत्तरी-२ का मतदाताका गुनासा...

महोत्तरी-२ मा पर्छन् ।

यहाँका बासिन्दाको मुख्य पेसा खेती भएर पनि सिँचाइको समुचित प्रबन्ध नहुँदा आकासे पानीको भरको खेती र बर्खामा बाढीले घरबस्ती डुबाउने/बगाउने त्रासको नियति यहाँका बासिन्दाले खेप्दै आएका छन् ।

“हामी दुःखमा छौं, खेतमा सिँचाइको प्रबन्ध छैन, बर्खामा बाढीले डुबाएर कहिल्यै राम्ररी अन्न थन्क्याउन पाएका छैनौ”, महोत्तरी गाउँपालिका-६ गोरीगमाका ४५ वर्षीय भोला महतो भन्छन्, “चुनाव त भइ नै राखेका छन् , तर हाम्रो दुःख जहाँको त्यहीं रह्यो ।”

यो क्षेत्र बर्खाकालमा बाढी कटान/डुवान र हिउँदमा पानीको हाहाकारमा पर्ने गरेको छ । हिउँद अन्त्यतिर त सिँचाइका लागि मात्र नभएर कुनैकुनै वर्ष खानेपानीकै पनि हाहाकार पर्ने गरेको यहाँका बासिन्दा बताउँछन् ।

यो समस्या भोग्दै आएका यहाँका बासिन्दा सरकारले खेतीपातीका लागि सिँचाइ सुविधा, समयमा बीउविजन, मलखाद र सुलभ कृषि ऋणको व्यवस्थासँगै बाढीबाट जोगाउन पक्की बाँध (तटबन्ध) को प्रबन्ध गरी देओस् भन्ने चाहना भएको लोहारपट्टी-१ का रामसागर यादवको भनाइ छ ।

आसन्न निर्वाचनका लागि यहाँ १५ राजनीतिक दलका र स्वतन्त्र २२ गरी जम्मा ३७ जना उम्मेदवार प्रतिष्पर्धामा छन् । चुनाव प्रचार प्रसारका क्रममा यस क्षेत्रका बासिन्दाबाट यस्तै समस्या आउने गरेको नेकपा (संयुक्त) बाट उम्मेदवार इदरिस मोमिनको भनाइ छ ।

“योजनाबद्ध तरिकाले काम हुन नसक्दा जनताका गुनासा बढेका हुन्, अब हामी सबैको साझा सङ्कल्पले निदान पहिल्याइनु पर्दछ”, उनले भने ।

महोत्तरी-२ मा जसपा नेपाल, नेपाली कम्युनिष्ट पार्टी, राप्रपा नेपाल, नेपाल मजदुर किसान पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, उज्यालो नेपाल पार्टी, नेकपा (एमाले), नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी, जनादेश पार्टी नेपाल, राष्ट्र निर्माण दल, जनमत पार्टी, श्रम संस्कृति पार्टी, मङ्गोल नेशनल अर्गनाइजेसन र नेकपा संयुक्तका उमेद्वार दलगत प्रतिष्पर्धा गर्दैछन् । यी दलका २२ जना स्वतन्त्र उम्मेदवार पनि प्रतिष्पर्धामा रहेका छन् ।

यस क्षेत्रमा एक लाख सात हजार ५९४ मतदाता छन् । साथै ६२ मतदानस्थलमा १३३ मतदानकेन्द्रको व्यवस्था गरिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले बताए । निर्वाचन अभियान अघि बढेसँगै यसलाई स्वच्छ र भयरहित सम्पन्न गर्न सुरक्षा व्यवस्था सुदृढ गरिएको जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको भनाइ छ । रासस

**पत्रिका मागेर पढ्ने बानी बसालौं**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूति मन्त्रालय
**कम्पनी रजिष्टारको कार्यालय**
त्रिपुरेश्वर, काठमाडौं

**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०८२/०८/१६ मा दर्ता भएको प्रा.लि.नं. ३७९८९१ को **दोहा टुर्स एण्ड ट्राभल्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।


“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय :
प्रत्येक दिन बिह(
न ९ बजेदेखि साँझ ५
बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

महोत्तरी-२ का मतदाताका गुनासा :

# बर्खामा डुबान र हिउँदमा पानीको हाहाकार


तस्बिर: एआई

**महोत्तरी, माघ १८ गते ।** प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिएसँगै महोत्तरी-२ मा पनि चुनावी चहलपहल सुरु भएको छ । घरआँगन, टोल बस्तीमा आएका उम्मेदवार र दलका नेता कार्यकर्तालाई यहाँका मतदाता समस्या देखाउनेभन्दा पनि असन्तुष्टि पोख्न थालेका छन् ।

"हाम्रो बस्ती नदीका कारण समस्यामा छ, बर्खामा नदीमा आउने बाढीका कारण बस्ती र खेत जोखिममा पर्दै आएको छ", भङ्गाहा-६ हतिसर्वा मजराका ५५ वर्षीय सुरेश सर्दारले भने । नदी नियन्त्रणका लागि पक्की तटबन्ध र कुलो नहरका बाँध नबन्दा बर्सेनि आफूहरुले दुःख पाइरहेको उनको भनाइ छ । विगतमा ठाउँ ठाउँमा कटान र डुबान रोक्न तटबन्ध निर्माण गरिए पनि त्यसले समस्या समाधान भएको छैन ।

यहाँका नागरिकहरुले चुनावमा भोट माग्न आउने उम्मेदवासमक्ष यस्तै गुनासा गर्न थालेका छन् । यस क्षेत्र भएर बग्ने रातु नदीको ताण्डवले जिल्लाका सात स्थानीय तहका बासिन्दा प्रभावित छन् । यसको दीर्घकालीन समाधान नपहिल्याइँदा समस्या जस्ताको त्यस्तै भएको बलवा-११ भगवतीपुरकी मरनी माझी मुसहरको भनाइ छ । "बर्खा लाग्यो कि घर बाढीले लाने हो कि भन्ने त्रास हुन्छ", माझीले भनिन् ।

निर्वाचनमा उम्मेदवार र दलका कार्यकर्ताको आउजाउ बढेपछि चुनावी सरगर्मी बढेको छ । जिल्लाको पूर्वी मध्यभेगको यो क्षेत्रमा बिग्ही, रातु, मरहा र ओक्सीसहितका नदीपिडित समूहल मुख्य समस्या नै बर्खामा कटान र डुवान एबं हिउँदमा पानीको अभाव सुनाउँछन् ।

जिल्लाको मध्यभेगको भङ्गाहा नगरपालिका-१, २, ६, ७ र ८, बलवा नगरपालिकाका-११, मध्यपूर्वी भेगको लोहारपट्टी नगरपालिकाका-९, महोत्तरी गाउँपालिका-६, औरही नगरपालिका-७, ८ र ९, पिपरा-६ र एकडारा गाउँपालिका-६ वडा

*- बाँकी पृष्ठ ३ मा*

# निर्वाचनका लागि मधेसमा सुरक्षा व्यवस्था कडा

**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, माघ १८ गते ।**




आसन्न फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मधेस प्रदेशभरि भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको छ । प्रदेशभरि तीन तहको सुरक्षा परिचालन गरिनुका साथै अति संवेदनशील मतदानस्थलमा ड्रोन र सीसी क्यामेरामार्फत निगरानीको व्यवस्था गरिएको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

प्रदेशका आठ जिल्लामा कुल २,१६० मतदानस्थल र ४,४७१ मतदान केन्द्र रहेका छन् । तीमध्ये ५७ प्रतिशत अर्थात् २३७ मतदान केन्द्र अति संवेदनशील सूचीमा परेको प्रदेश प्रहरीले जनाएको छ । प्रदेशभरि १,२३७ मतदानस्थल र २,६१३ मतदान केन्द्र अति संवेदनशील, ७६३ मतदानस्थल र १,५५४ मतदान केन्द्र संवेदनशील तथा १६० मतदानस्थल र ३०४ मतदान केन्द्र सामान्य श्रेणीमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा परिचालन गरिएको छ ।

सुरक्षाको दृष्टिकोणले सप्तरी जिल्लाका मतदान केन्द्र सबैभन्दा बढी 'रेड जोन' मा रहेका छन् । सप्तरीमा २९६ मतदानस्थलमध्ये २०९ वटा मतदानस्थल अति संवेदनशील सूचीमा रहेको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै सिरहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ र बाराका १५४ मतदानस्थल अति संवेदनशील सूचीमा राखिएको छ । प्रदेशभरि ७३ वटा मतदानस्थल संवेदनशील सूचीमा छन् भने सर्लाहीमा सबैभन्दा बढी १३१ मतदानस्थल संवेदनशील सूचीमा रहेका छन् । सुरक्षा चुनौती भएका मतदानस्थलमा विशेष रणनीति तयार पारिएको छ ।

प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थपलियाका अनुसार मतदाताको चाप, निर्वाचन क्षेत्रको सामाजिक-सांस्कृतिक परिवेश, विगतका

*- बाँकी पृष्ठ ३ मा*

# सर्लाहीमा सवारी दुर्घटनामा छ महिनामा २९ जनाको मृत्यु

**सर्लाही, माघ १८ गते ।** सवारी दुर्घटनामा परी सर्लाहीमा चालु आर्थिक वर्षको छ महिनामा २९ जनाको मृत्यु भएको छभने १९० जना गम्भीर घाइते भएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक अशोक साहका अनुसार यस अवधिमा सानाठूला चारपाङ्गे सवारी र मोटरसाइकल गरी ६४१ वटा दुर्घटना भएको छ ।



दुर्घटनामा ज्यान गुमाउनेमध्य अधिकांश मोटरसाइकल चालक र सवार व्यक्ति छन् । जिल्लाका भित्री सडकखण्डमा दुर्घटना धेरै हुने गरेको पाइएको उनले जानकारी दिए । सवारीचालक तथा पैदलयात्रीले ट्राफिक नियम उल्लङ्घन गर्दा दुर्घटनामा धेरै हुने गरेको भन्दै विद्यालयका बालबालिका, स्थानीय, पैदलयात्रीलाई सहभागी गराएर कार्यालयले दर्जनौंपटक ट्राफिक नियमसम्बन्धी सचेतना कार्यक्रम पनि सञ्चालन गरेको छ । त्यसैगरी, सोही अवधिमा ट्राफिक नियम उल्लङ्घन गरी चलाएका सवारी कारबाहीबाट रु ४८ लाख २८ हजार ५०२ राजस्व सङ्कलन भएको छ । चालक अनुमतिपत्र नभएका, हेलमेट नलगाएका मोटरसाइकल चालक, यात्रा अनुमतिपत्र नभएका, क्षमताभन्दा धेरै सामान बोकेका ट्रकलगायतलाई कारबाही गरिएको प्रहरी निरीक्षक साहले बताए । पूर्वपश्चिम राजमार्ग तथा भित्री सडकखण्डमा समेत विभिन्न समयमा जाँच गरी ट्राफिक नियम उल्लङ्घन गरेर चलाएका सवारीलाई कारबाही गरिएको थियो । प्रहरीले लामो दूरीका यात्रुवाहक बसमा दुई जना चालक अनिवार्य गरिएको विषयमा कडाइका साथ जाँच गर्ने गरेको छ । चालु आवको छ महिनामा सात हजार २७ वटा लामो दूरीको यात्रुवाहक बस जाँचका क्रममा २२ वटाले नियम उल्लङ्घन गरेको पाइएपछि कारबाही गरिएको उनको भनाइ छ । रासस

# वर्षा गराउने प्रणाली फेरि सक्रिय हुँदै

काठमाडौँ, माघ १८ गते । फेरि पश्चिमी न्यून चापीय प्रणाली केही बलियो बनेर मौसम बदली गराउन लागेको छ । गत मंगलबार र बुधबार मौसम बदली भई वर्षा र हिमपातले कोशी तथा मधेशबाहेकका क्षेत्रको जनजीवन प्रभावित भएर खुलेको मौसम एक हप्ता नबित्दै पुनः वर्षा गराउने प्रणाली सक्रिय हुन लागेको हो ।

आजदेखि नै सुदूरपश्चिम क्षेत्रमा हल्का असर देखिन थालेको र उक्त प्रणाली सोमबार केही बढेर पश्चिम क्षेत्रको उच्च हिमाली तथा पहाडी क्षेत्रमा फैलिँदै जाने तथा मंगलबार भने मध्य नेपालसम्म फैलिने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले जानकारी दिए । तर ती क्षेत्रमा पूर्ण बादल लाग्ने छ भने बाँकी क्षेत्रमा पनि आंशिक बादल लागी चिसो बढ्ने छ ।

अघिल्लो बुधबारको जत्तिको बलियो प्रणाली नभए पनि पश्चिम नेपाल चिसो भइसकेको र हिउँ परिरहेको अवस्थामा अबको प्रणालीले पनि मध्यमसम्म वर्षा तथा हिमपात गराउने मौसमविद् अधिकारीले बताए ।

उनले भने, 'प्रणालीले मध्यनेपालभन्दा पश्चिममा बढी असर गर्ने देखिन्छ, आज पनि कर्णाली र सुदूरपश्चिमका विभिन्न क्षेत्रमा बदली भएको छ, त्यो बदली बढ्छ । मङ्गलबार मध्यनेपालभन्दा पश्चिममा बदली भएर वर्षा र हिमपात बढाउँछ ।'

मौसमविद् अधिकारीका अनुसार यसपालि पश्चिमबाट मध्यनेपालसम्म असर गर्ने

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री